

# २ यरुशलेमदेखि बेबिलोनसम्म

*__यस अध्यायका मूल पदहरू:__* २ राजा २१:१०-१६, दानिएल १, गलाती २:१९,२०, मत्ती १५:२४-२६, २ कोरन्थी ४:१७ र याकूब १:५।

*__यस अध्यायको मूल सार पद:__* **"यी चार युवकहरूलाई परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ वा दक्षता दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए" (दानिएल १:१७ रूपान्तरिक)।**

पतित मानिसहरूका कमीकमजोरीहरूलाई बाइबलले लुकाउँदैन। उत्पत्ति ३देखि युगको अन्तसम्म देखाइएको मानिसको पापमय स्वभावको परिणाम उल्लेखनीयरूपमा बाइबलमा प्रस्तुत गरिएको छ। फेरि बाइबलमा ती चरित्रहरूलाई देखाइएको छ जो परमेश्वरप्रति जुनसुकै मोल चुकाउनु परेतापनि बफादार रहेका थिए। परमेश्वरप्रतिको आस्थालाई नै जोखिममा पार्नेगरि अत्यन्तै शक्तिशाली र प्रभावकारी प्रलोभनहरूको सामना तिनीहरूले गर्नुपरेको थियो। परमेश्वरप्रति बफादार भएका मानिसहरूका केही ज्वलन्त, शक्तिशाली र अनुकरणीय उदाहरणहरू दानिएलको पुस्तकमा पाइन्छ।

जेभएतापनि जब हामी दानिएलको पुस्तक पढ्छौं तब हामीले एउटा कुरा मनमा सधैं राख्नुपर्दछः यस पुस्तकको मूल र सत्य पात्र वा नायक परमेश्वर हुनुहुन्छ। कतिपय समयमा दानिएलको पुस्तकलाई सम्झदा दानिएल र उनका मित्रहरूको बफादारितालाई भित्री हृदयदेखि प्रशंसा गर्दछौं तर परमेश्वरको बफादारिता वा विश्वसनियतालाई उचाल्न बिर्सन्छौं जसले ती चार युवकहरूलाई बेबिलोन साम्राज्यको शक्ति र प्रलोभनको सामना गर्न शक्ति सम्पन्न गराउनुभएको थियो। आफ्नै देशमा परमेश्वरलाई विश्वास गरेर

इमान्दारीपूर्वक बस्नु चुनौतिपूर्ण त छ नै तर युद्धबन्दी भएर बिदेशमा प्रवासी जीवन बिताएर त्यहाँको संस्कार, रहनसहन, धर्म र संस्कृतिको चापमा पनि परमेश्वरको आस्थामा कमलको फूल जस्तै फुलिरहनु मानव क्षमताभन्दा बाहिरको कुरो हो भन्नुमा कसैको दुईमत नहोला। तर येशूका सुरबिर नायकहरू कुनै पनि चुनौतिको सामना गर्न तयार हुन्छन् किनकि पावलको जस्तै तिनीहरूमा पनि यो ज्ञान छ कि तिनीहरूले कसलाई विश्वास गर्छन् सो तिनीहरूलाई थाहा छ (२ तिमोथी १:१२) र परमप्रभु सर्बशक्तिमान् परमेश्वरमाथि तिनीहरूको भरोसा अटल छ।

## १. परमेश्‌वरको सार्बभौमसत्ता वा प्रभुत्व

दानिएलको पुस्तक रमाइलो तरिकाले सुरू भएको देखिन्न। बेबिलोनका राजा नबूकदनेसरले यहूदामा आक्रमण गरेर त्यहाँका कतिपय जनताहरूलाई युद्धबन्दी बनाएर आफ्नो देशमा लगेका थिए। त्यसको साथै यरुशलेम मन्दिर भित्र गएर त्यहाँका पवित्र भाँडाकुँडाहरू लुटेर आफ्नो देशको प्रान्त शिनारमा लगेका थिए। शिनार भन्ने शब्द उत्पत्ति ११:२मा उल्लेख गरिएको छ। त्यस ठाउँमा बाबेलको धरहरा निर्माण भएको थियो। शिनार भन्ने शब्द नै त्यो प्रतीकको रूपमा देखिएको छ जसले परमेश्वरको सार्वभौमसत्ता र अस्तित्वमाथी हवाला वा चुनौति दिँदै स्वर्गम्म पुग्ने धरहरा बनाउने योजनामा सबै मानिसहरू खटिएका थिए। बाबेलका निर्माणकर्ताहरूको माथि स्वर्गसम्म पुग्ने धरहरा बनाउने प्रयास असफल भएतापनि पछि गएर नबूकदनेसरले परमेश्वरको मन्दिरबाट लुटेर ल्याएको पवित्र सामानहरू शिनारप्रान्तमा रहेको मन्दिरमा राख्दा उनी र उनका देवताहरूमा करार बाँधिनुभएका इस्राएलका परमेश्वरमाथि आफ्नो प्रभुत्व भएको कुरा बाह्यरूपमा देखिएको थियो।

यद्यपि, दानिएलको पुस्तकको सुरूमा दानिएलले एउटा विषयबस्तु स्पष्ट गर्न चाहेका थिएः यरुशलेमको हारको कारण बेबिलोन साम्राज्यको शक्तिशाली राजा नभएर परमेश्वर आफै हुनुहुन्थ्यो। "परमेश्वरले यहूदाका राजा यहोकिमलाई नबूकदनेसरको हातमा सुम्पनुभएको थियो" (दानिएल १:२ रूपान्तरित)। यदि मानिसहरूले परमेश्वरलाई विर्सेर उहाँसँग बाँधिएको करार तोडे भने उहाँले तिनीहरूलाई बिदेशमा युद्धबन्दी बनाएर पठाउनुहुनेछ भनेर धेरै वर्ष अघि उहाँले घोषणा गर्नुभएको थियो। त्यसकारण इतिहासको कदम अघि चल्न त्यसबेलाको बेबिलोनको सैन्यशक्तिको बाहुबल र त्यसको पुरुषार्थमा

होइन बरु स्वर्गको परमेश्वरकै अगुवाईमा नै चलिरहेको हुन्छ भन्ने ज्ञान दानिएलको थियो। परमेश्वरको सार्वभौमसत्ता वा प्रभुत्वप्रति स्पष्ट दृष्टिकोण ती युवाहरूमा भएकै कारणले बेबिलोन साम्राज्यको चाप र अनेकौं परीक्षा तथा प्रलोभनको सामना गर्ने शक्ति तिनीहरूलाई मिलेको थियो।

**परमेश्वरका जन भनेर कहलाइएकाहरू, सारा संसारको सामु छुट्टै जाति भनेर चिनारी भएका सनातन सृष्टिकर्ताको उपासक भनेर चिनिएका यहूदा र यरुशलेमका बासिन्दाहरूलाई बेबिलोनीहरूको हातमा परमेश्वरले किन सुम्पनुभयो र तिनीहरूमा दुर्गति किन आउन दिइयो? हेर्नुहोस्, देहायका केही पदहरूः २ राजा २१:८-२० " ८ यहोरामको समयमा एदोम यहूदाको विरुद्धमा बागी भएर आफ्नै राजा खड़ा गरे। ९ यसैले यहोराम आफ्ना अधिकृतहरू र सबै रथहरूका साथमा एदोमतिर बढ़े। एदोमीहरूले तिनी र तिनका रथका सेनापतिहरूलाई घेरे, तर तिनी उठेर राती नै भागे। १० एदोम आजको दिनसम्मै यहूदाको विरुद्धमा बागी भएको छ। त्यसै बेला लिब्नाले पनि विद्रोह गरे, किनभने *यहोरामले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई त्यागेका थिए*। ११ *तिनले यहूदाका पहाड़ी देशमा अल्गा-अल्गा थानहरू बनाए, र तिनले यरूशलेमका बासिन्दाहरूलाई मूर्तिपूजा (वेश्यावृत्ति) गर्न लगाई वेश्यासमानमा पारे र यहूदालाई कुपथतिर ढल्काए।* १२ यहोरामले एलिया अगमवक्ताबाट एउटा पत्र पाए। त्यसमा त्यो कुरो लेखिएको थियोः "तपाईंका पुर्खा दाऊदका परमप्रभु यसो भन्नुहुन्छः 'तिम्रा पिता यहोशापात र यहूदाका राजा आसाका चालमा तिमी हिँड़िनौं। १३ तर आहाबको घरानाले गरेझैं इस्राएलका राजाहरूका चालमा हिँड़िर तिमीले यहूदा र यरूशलेमका बासिन्दाहरूलाई मूर्तिपूजा (वेश्यावृत्ति) गर्न लगाई वेश्यासमानमा पार्‍यौ। अनि तिम्रा पिताका परिवारका छोराहरू, अर्थात् आफ्नै भाइहरूलाई तिमीले मार्‍यौ। तिनीहरू तिमीभन्दा असल मानिसहरू थिए। १४ ती सबै गरेकोले गर्दा परमप्रभुले तिम्रा प्रजा, तिम्रा छोराहरू, तिम्रा पत्नीहरू र तिम्रा सबै धन-सम्पत्तिमाथि प्रहार गर्न लाग्नुभएको छ। १५ तिमी आफैचाहिँ निको नहुने आन्द्रा-भुँड़ीको रोगले ग्रस्त हुनेछौ, र त्यस रोगले गर्दा तिम्रा आन्द्रा-भुँड़ी बाहिर निस्केर आउनेछन्'।" १६ परमप्रभुले यहोरामको विरुद्धमा कूशीहरूनेर बस्ने पलिश्ती र अरबीहरूलाई उक्साउनुभयो। उनीहरूले यहूदालाई आक्रमण गरेर त्यसको भित्रसम्मै छिरिगए। १७ सबै धन-सम्पत्ति जो उनीहरूले राजाको महलमा फेला पारे, तिनका छोराहरू र पत्नीहरूलाई समेत लगे। कान्छा छोरा अहज्याहबाहेक तिनका कुनै छोरा पनि बाँकी रहेन। १८ यी सबै**

भएपछि परमप्रभुले यहोरामलाई निको नहुने आन्द्रा-भुँड़ीको रोगले ग्रस्त पार्नुभयो। १९ त्यस रोगले तिनलाई केही समयसम्म सताइरह्यो। अनि दोस्रो वर्षको अन्तमा त्यही रोगले तिनका आन्द्रा-भुँड़ी निस्केर आए, र साह्रै दुःख सहेर तिनी मरे। तिनका प्रजाले तिनका पुर्खाहरूका निम्ति गरेझैं तिनको सम्मानमा आगो जलाएनन्। २० तिनी राजगद्दी आरोहण गर्दा बत्तीस वर्षका थिए। तिनले यरूशलेममा आठ वर्ष राज्य गरे। तिनको मृत्युमा कसैले शोक प्रकट गरेन। र तिनी दाऊदको सहरमा गाड़िए, तर राजाहरूका चिहानमा होइन।", २ राजा २४:१५-२५ " १५ यहोयादा वृद्ध र दीर्घायु भएर एक सय तीस वर्षका उमेरमा मरे। १६ तिनी दाऊदको सहरमा राजाहरूकै चिहानमा गाड़िए, किनभने तिनले इस्राएलमा परमेश्वर र उहाँका मन्दिरको निम्ति असल काम गरेका थिए। १७ यहोयादाको मृत्युपछि यहूदाका अधिकारीहरू राजालाई दण्डवत् गर्न आए, अनि राजाले तिनीहरूका कुरा सुने। १८ तिनीहरूले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरको मन्दिर त्यागेर अशेरा देवीका खम्बाहरू र अरू मूर्तिहरूलाई पुजे। यस दोषले गर्दा यहूदा र यरूशलेममाथि परमेश्वरको क्रोध आइपर्‍यो। १९ तर तिनीहरूलाई आफैकहाँ फर्काएर ल्याउन परमप्रभुले अगमवक्ताहरू पठाउनुभयो। ती अगमवक्ताहरूले तिनीहरूको दोष देखाइदिए, तर तिनीहरूले अगमवक्ताहरूका कुरा सुनेनन्। २० तब परमेश्वरका आत्मा पूजाहारी यहोयादाका छोरा जकरियामाथि उत्रनुभयो। तिनी मानिसहरूका अगि खड़ा भएर भने, "परमप्रभु यो भन्नुहुन्छः 'तिमीहरू किन परमप्रभुका आज्ञा उल्लङ्घन गर्छौ? तिमीहरूको उन्नति हुनेछैन। तिमीहरूले परमप्रभुलाई त्यागेका हुनाले उहाँले पनि तिमीहरूलाई त्यागनुभएको छ'।" २१ तर तिनीहरूले जकरियाको विरुद्धमा षड्यन्त्र रचे, र राजाको हुकुम पाएर तिनीहरूले परमप्रभुका मन्दिरको चोकमा ढुङ्गा हानेर तिनलाई मारे। २२ राजा योआशले जकरियाका पिता यहोयादाको राजभक्तिलाई सम्झेनन्, तर तिनका छोरालाई मारे। मर्ने बेलामा जकरियाले यसो भने, "परमप्रभुले यो देखून्, र त्यहीअनुसारको दण्ड दिऊन्।" २३ त्यही वर्षको अन्त्यमा अरामी सेना योआशको विरुद्धमा आयो। तिनीहरूले यहूदा र यरूशलेममाथि आक्रमण गरेर मानिसहरूका सबै नायकहरूलाई मारे। तिनीहरूले आफ्ना सबै लूटका माल दमस्कसका राजाकहाँ पठाइदिए। २४ अरामीहरूको एक सानो फौजले मात्र आक्रमण गरे, तापनि परमप्रभुले इस्राएलको एक ठूलो सेनालाई उनीहरूका हातमा सुम्पिदिनुभयो। यहूदाका मानिसहरूले परमप्रभु आफ्ना पुर्खाहरूका परमेश्वरलाई त्यागेका हुनाले,

योआशमाथि उचित दण्ड आइपर्‍यो। २५ राजालाई साह्रै घाइते बनाएर अरामीहरू गएपछि पूजाहारी यहोयादाका छोराको मृत्युको साटो लिन राजाका अधिकारीहरूले तिनको विरुद्धमा षड्यन्त्र रचे, अनि तिनीहरूले राजालाई तिनको ओछ्यानमा नै मारे। यसरी तिनी मरे, र दाऊदको सहरमा गाड़िए, तर राजाहरूका चिहानमा चाहिँ होइन।" र यर्मिया ३:६-२५ " ६ योशियाह राजाका राजकालमा परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी इस्राएलले के गर्‍यो, के तिमीले देखेको छौ? त्यो गएर हरेक डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि त्यसले व्यभिचार गरेकी छ। ७ त्यसले यी सबै काम गरेपछि मकहाँ फर्कन्छे होला भनी मैले विचार गरेको थिएँ, र तर त्यो फर्किन, र त्यसकी विश्वासघाती बहिनीले त्यो देखी। ८ त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ। तापनि मैले हेरें, त्यसकी विश्वासघाती बहिनी यहूदा डराइन, तर गएर त्यसले पनि वेश्यावृत्ति गरी। ९ वेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी। १० यी सबै भए तापनि त्यसकी विश्वासघाती बहिनी यहूदा, पूर्ण हृदयले त होइन, तर बाहिरी रूपले मात्र मतिर फर्की," परमप्रभु भन्नुहुन्छ। ११ परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी इस्राएल विश्वासघाती यहूदाभन्दा अझ धर्मी ठहरी। १२ जा, उत्तरमा गएर यो सन्देश प्रचार गर: " 'हे अविश्वासी इस्राएल, तिमी फर्क,' परमप्रभु भन्नुहुन्छ, 'आँखा तरेर म अब तिमीलाई हेर्नेछैनँ, किनभने म कृपालु छु,' परमप्रभु भन्नुहुन्छ, 'म सधैं रिस गरिरहनेछैनँ। १३ केवल, तिमी, परमप्रभु आफ्ना परमेश्वरको विरुद्धमा बागी भयौ, र हरेक झ्याम्म परेको रूखमुनि पराई देवताहरूलाई तिम्रो निगाह देखायौ, र तिमीले मेरो आज्ञापालन गरेनौं भनी आफ्नो दोष स्वीकार गर'," परमप्रभु भन्नुहुन्छ। १४ "फर्क, अविश्वासी प्रजा हो," परमप्रभु भन्नुहुन्छ, "किनभने म तिम्रो पति हुँ। म सहरबाट एक जनालाई र वंशबाट दुई जनालाई छान्नेछु र तिमीहरूलाई सियोनमा ल्याउनेछु। १५ अनि मेरो हृदयले रुचाएका गोठालाहरू म तिमीहरूलाई दिनेछु, जसले तिमीहरूलाई ज्ञान र बुद्धिसित डोर्‍याउनेछन्। १६ ती दिनमा जब तिमीहरू देशमा खूब बढ़ेर फैलिनेछौ, तब मानिसहरूले फेरि कहिल्यै 'परमप्रभुका करारको सन्दूक' भनी भन्नेछैनन्," परमप्रभु भन्नुहुन्छ। "त्यसको विचार तिनीहरूका मनमा आउनेछैन, त्यसको सम्झना नै हुनेछैन, त्यसको अनुपस्थितिको केही ख्याल रहनेछैन। त्योजस्तै अर्को फेरि कहिल्यै बनाइनेछैन। १७ त्यस बेला यरूशलेम

'परमप्रभुको सिंहासन' भनिनेछ, र सबै जातिहरू परमप्रभुको नाउँलाई महिमा दिन यरूशलेममा भेला हुनेछन्। हठी भएर आफ्ना मनका दुष्ट कुराहरूमा तिनीहरू फेरि कहिल्यै लाग्नेछैनन्। १८ ती दिनमा यहूदाका घराना इस्राएलका घरानासित मिल्नेछ, र मैले तिमीहरूका पिता-पुर्खाहरूलाई उत्तराधिकार स्वरूप दिएको देशमा तिनीहरू उत्तरको देशदेखि एकैसाथ आउनेछन्। १९ "म आफैले भनें, 'कति खुशीसित आफ्ना छोराहरूजस्तै तिमीहरूसँग व्यवहार गर्नेथिएँ र एउटा सुन्दर देश, जातिहरूमा सबैभन्दा मनपर्दो पैतृक-सम्पत्ति तिमीहरूलाई दिनेथिएँ। अनि मैले विचार गरेको थिएँ, कि तिमीहरूले मलाई 'पिता' भनी पुकार्नेछौ र मलाई पछ्याउनदेखि फर्केर जानेछैनौ। २० तर जसरी एक विश्वासघाती पत्नीले आफ्नो लोग्नेलाई त्याग्छे, त्यसरी नै तिमीहरू पनि मप्रति विश्वासघाती भएका छौ, हे इस्राएलका घराना हो," परमप्रभु भन्नुहुन्छ। २१ नाङ्गा डाँड़ाहरूमा एउटा चिच्च्याई सुनिन्छ– इस्राएलका मानिसहरूका रुवाइ र पुकाराको सोर, किनभने तिनीहरू कुमार्गमा चलेका छन्, र तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्सेका छन्। २२ "हे अविश्वासी मानिस हो, फर्क, तिमीहरूको विश्वासघातबाट म तिमीहरूलाई निको पार्नेछु।" "हवस्, हामी तपाईंकहाँ फर्केर आउनेछौं, किनकि तपाईं परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ। २३ निश्चय नै देवता-देवी पुज्नेहरू, डाँड़ा र पहाड़हरूमा होहल्ला मच्चाउनेहरू छली छन्। निश्चय नै परमप्रभु हाम्रा परमेश्वरमा इस्राएलको उद्धार छ। २४ हाम्रा युवावस्थादेखि नै ती लाजलाग्दा देवताहरूले हाम्रा पिता-पुर्खादेखि परिश्रम गरेर ल्याएका फलहरूलाई– अर्थात् तिनीहरूका बगाल, बथान, तिनीहरूका छोराछोरीहरूलाई स्वाहा गरेका छन्। २५ अब हामी आफ्ना लाजमा डुबौं र हाम्रो अपमानले हामीलाई ढाकोस्। हामी र हाम्रा पिता-पुर्खाहरूले परमप्रभु हाम्रा परमेश्वरको विरुद्धमा पाप गर्दैआएका छौं। हामीले आफ्नो युवावस्थादेखि आजको दिनसम्म परमप्रभु हाम्रा परमेश्वरको आज्ञापालन गरेका छैनौं।"

हामी एक्काइसौं शताब्दीमा छौं। हामीले धेरै चुनौतिहरूको सामना गरिरहनुपरेको छ। (हाम्रो सामु परमेश्वरको अस्तित्व नै नभए जस्तै विभिन्न घट्नाहरू घटिरहेका छन् र सभ्यता तीब्रगतिमा परमेश्वरको धारभन्दा बिपरीत दिसातर्फ गइरहेको हामीले पाइरहेका छौं)। यस परिवेशमा दानिएलको पुस्तकमा परमेश्वरको बारेमा गरिएको चित्रण र दृष्टिकोण प्रभावकारीरूपमा प्रतिबिम्बित गरिएको कुरालाई हाम्रो हृदयमा सजाइ राख्नु जरुरी छ। यस दानिएलको पुस्तक अनुसार हामीले सेवा गर्ने परमेश्वर केवल उहाँको प्रभुत्वले

इतिहासका पानाहरूलाईमात्र परिचालन गर्नुहुन्न तर उहाँ दया र सदाशयताले भरिएर उहाँका जनहरूका जीवनहरूमा हस्तक्षेप पनि गर्नुहुन्छ र आवश्यक समयमा उहाँले निर्णायक सहयोग पनि गर्नुहुन्छ। जसरी युद्धबन्दी बनाएर लगिएका हिब्रूहरूलाई जे गर्नुभयो युगको अन्तमा उहाँका जनहरूलाई पनि त्यही गर्नुहुनेछ। तिनीहरूको आस्थाप्रति विभिन्न क्षेत्रहरूबाट जतिसुकै आक्रमणहरू गरिएतापनि वा खप्नुपरेतापनि तिनीहरूको जीवनमा परमेश्वरको उपस्थिति हुनेभएकोले तिनीहरू सबैले डटेर ती प्रतिकूल वातावरणहरूको सामना गर्नेछन्।

**तपाईं परमेश्वरप्रति आस्थावान र निष्ठावान भएकै कारण विभिन्न क्षेत्रहरूबाट तपाईंले चुनौतिहरूको सामना गरिरहनुभएको होला। बाह्य वातावरण वा स्रोतहरूबाट होस् वा चर्चभित्रैबाट होस्, तपाईंको आफ्नै परिवारबाटै होस् वा तपाईंको आफ्नै कमजोरी वा चरित्रबाट होस्, तपाईं अहिले सिद्ध पुरुष हुनुभएको छैन। तर तपाईंले सामना गर्ने जुनसुकै प्रतिकूल चुनौतिहरूको सामना गर्न तपाईंमा परमेश्वरको शक्ति उपलब्ध छ भन्ने आत्मज्ञानलाई हामीले कसरी आत्मसात् गरिराख्ने?**

## २. जस्तोसुकै दवावमा पनि आस्थालाई जगाइ राख्नु

तत्कालीन विश्व साम्राज्य बेबिलोनका राजा नबूकदनेसरले इस्राएल देशमा हमला गरेर त्यहाँका सयौं मानिसहरूलाई युद्धबन्दी बनाएर आफ्नो देशमा ल्याएका थिए। तिनीहरूमध्ये दानिएल र उनका तीन मित्रहरू राजकीय खानदानका थिए। जब तिनीहरूले बिदेशमा बिदेशी शासकको हुकुममा चल्नुपर्यो तब तिनीहरू अत्यन्तै दवावमा परेका थिए। दानिएल १ पढ्नुहोस्। त्यहाँ दानिएलको स्वतन्त्र आत्मनिर्णय र परमेश्वरको हस्तक्षेपले काम गरिरहेको हामी देख्छौं। दवावमा पनि आफ्नो आस्थासँग सम्झौता नगर्ने नीति तिनीहरूमा कुन हदसम्म थियो? हेर्नुहोस्: "१ यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। २ अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे। ३ तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत

अशपेनजलाई हुकुम गरे। ४ ती जवान मानिसहरू कुनै शारीरिक खोट नभएका,
सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका, छिटो
सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले
उनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्थ्यो। ५ राजाले
उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी
अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र
त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका
कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले
तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक,
मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। ८ तर दानिएलले राजकीय
भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी
आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि
परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने
तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, "तिमीहरूले खाने र पिउने
कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु।
तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल
अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर
उड़ाइदिनुहुनेछ।" ११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि
खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, १२ "कृपया, तपाईंका दासहरूलाई
दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि
पानी मात्र दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा
चेहरा दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार
गर्नुहोस्।" १४ यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म
तिनीहरूको जाँच गरे। १५ दश दिनपछि राजकीय खाना खाएका ती अन्य
जवानहरूभन्दा तिनीहरू स्वस्थ र पुष्ट देखिए। १६ यसकारण ती सुरक्षाकर्मीले
तिनीहरूका लागि तोकिएका मीठा-मीठा खाना र दाखमद्य हटाएर तिनीहरूलाई
सागपात दिए। १७ यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका
साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन
र सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू
भनी तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा
नबूकदनेसरकहाँ ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल,

**हनन्याह, मीशाएल र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए। २१ अनि कोरेस राजाका शासनकालको पहिलो वर्षसम्म दानिएल त्यहाँ रहे।"**

बेबिलोनमा आएका दानिएल र उनका तीन युवा मित्रहरूले आफ्नो आस्था, विश्वास र चिनारीलाई कोहीसँग सम्झौता नगरि जीवित राख्न ठूलो चुनौतिको सामना गर्नुपरेको थियो। राजाकै आदेश अनुसार तिनीहरूलाई बिशेष तालिम दिन चुनिएको थियो। पौराणिक कालमा जब राजाहरूले कुनै देशमा हमला गरेर त्यहाँका मानिसहरूलाई युद्धबन्दी बनाएर ल्याउथे तब तिनीहरूमध्येबाट केही धेरै असल युद्धबन्दीहरू छानिन्थे। ती युद्धबन्दीहरूलाई विशेष तालिम दिएर तिनीहरूको मन र बफादारिता विजयी देशका राजा र तिनीहरूका देवीदेवताहरूको आराधना गर्नुपर्ने चलन थियो। अनेकौं तालिमद्वारा युद्धबन्दीहरूलाई परिवर्तन गराएर तिनीहरूले राजाको मन जित्न सकेको खण्डमा तिनीहरू राजदरवारको काममा खटिन्थे। त्यही परिवेशमा ती हिब्रू युद्बबन्दीहरूलाई पनि बेबिलोन सभ्यताका देवीदेवता, संस्कार, धर्म र संस्कृति सिकाएर विभिन्न प्रक्रियाद्वारा तिनीहरूको आस्था र संस्कार अनि तिनीहरूको सोचमा परिवर्तन ल्याउने राजा **नबूकदनेसरको चाहना थियो। लोकप्रिय भाषामा भन्ने हो भने तिनीहरूको धर्मपरिवर्तन गरेर बेबिलोनको धर्ममा तिनीहरूलाई आवध्द गराउने राजाको प्रयास थियो।** त्यहि प्रक्रियाको एउटा अंश दानिएल र उनका मित्रहरूको नाउँ बेबिलोनको संस्कार अनुसार परिवर्तन गरिएको थियो। नयाँ नाउँको अर्थ तिनीहरू कसका हुन् र तिनीहरूको गन्तव्य कहाँ हो भन्ने कुरा तिनीहरूले बुझ्नुपर्दथ्यो। यसरी नयाँ नाउँ दिइएतापनि ती युवाहरूलाई युद्धबन्दीकै अवस्थामा अर्थात् नजरबन्दमै राखेर अब तिनीहरूमाथिको प्रभुत्व तिनीहरूको नभइ अब नयाँ देशका राजाको हातमा छ भनेर देखाइएको थियो साथै तिनीहरूलाई बेबिलोनको सभ्यता र धर्म सिकाएर जबरजस्ती बेबिलोनका अन्य नागरिकहरू जस्तै बनाउने प्रयास गरिएको थियो। तिनीहरूको जन्ममा दिइएको तिनीहरूको नाउँले इस्राएलका परमेश्वरलाई औंल्याउँथ्यो। अब तिनीहरूको नाउँलाई परिवर्तन गरि बिदेशी राष्ट्र बेबिलोनका देवताहरूको सम्मान गर्ने खालको नाउँ दिइएको थियो। त्यसको साथै ती हिब्रू युवाहरूलाई तालिमको क्रममा राजा आफैले खाने खानेकुरो र पिउने कुरा आफ्नै टेबुलबाट

तिनीहरूलाई दिने निर्णय राजाले गरेका थिए। राजाले जे खान्छन् त्यही खाना खान पाउनु भनेको पौराणिक युगमा त्यसले गहिरो अर्थ राख्दथ्यो। त्यसको अर्थ राजाप्रति एकाग्र बफादार र उनमाथि नै पूरा भरोसागर्ने निर्णय गरेको भन्ने हुन्थ्यो। राजाले त्यस देशका देवी देवताहरूलाई चढाइएको खानेकुरा खाने भएकोले धार्मिक आस्थामा त्यसको गहिरो अर्थ रहन्थ्यो। निचोडमा भन्नुपर्दा राजाले मानेका धर्मसंस्कार र आराधना गर्ने प्रणाली ती हिब्रूहरूलाई मान्न कर गरिएको थियो।

यसरी दानिएल र उनका मित्रहरूलाई ठूलो धर्मसंकटमा पारिएको थियो। बिदेशमा बिदेशी रहनसहन अनुसार चल्नु पर्ने बाध्यतामा तिनीहरू थिए। त्यतिधेरै अपठ्यारोमा पर्दा तिनीहरू अब के गर्ने होला भन्ने ठूलो सोचमा परेका थिए। परमेश्वरप्रतिको आस्थामा पनि अडिग हुनुपर्ने र विश्वसम्राटको शक्तिको मागलाई पनि मान्नुपर्ने-यस्तो परिस्थितिमा परमेश्वरको हस्तक्षेप वा कुनै अलौकिक कामबिना तिनीहरूको जीवन सजिलो नहुने प्राय निश्चित भइसकेको थियो। अझ बेबिलोन सहरका भव्य र गौरबशाली संरचनाहरूले मानव सभ्यताको ठूलो उपलब्धी देखाएर सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगरेपनि ठूला ठूला कामहरू गर्न सकिन्छ भनेर ती हिब्रू युवाहरूलाई चुनौति दिइरहेका थिए। बेबिलोनी मन्दिरका वास्तुकलाहरू मनमोहक र सुन्दर थिए। झुन्डिरहेका भव्य र सौन्दर्य बगैंचा र सहरभित्र बगिरहेका युफ्रेटिस नदीले त्यो सहरको शोभा र महिमालाई तत्कालीन संसारको कुनै सहरसँग दाँज्न सुहाउदैनथ्यो। त्यसकारण दानिएल र उनका मित्रहरूलाई पनि उच्च पदहरूमा आशिन भएर त्यस सहरको वैभवको उपभोग गर्न र त्यसबाट फाइदा उठाउने अवसर मिलेको थियो। बेबिलोनको असल नागरिक भएर त्यसको उन्नतिमा सहभागी भएर बेबिलोन सभ्यतामा तिनीहरू हराउन सक्थ्ये। बेबिलोनको सभ्यता, धर्म र संस्कारसँग तिनीहरूले सम्झौता गरेर त्यसभित्र भित्रन सके तिनीहरू युद्धबन्दी नभएर त्यही देशको उच्च शाही हाकिमहरू हुन सक्थे। तर संसारको क्षणिक पद, मान मर्यादा, इज्जत, शक्ति र महिमाको निम्ति के तिनीहरूले आफ्नो आस्था र नीतिहरूसँग सम्झौता गरे होलान्?

**त्यस्तो आकर्षित वातावरणमा घुलमिल हुन ती युवाहरूले कस्तो किसिमको बहाना बनाउन सक्थे? आफ्नो विवेक र आस्थालाई त्यस देशको सस्कृति र धर्मसँग सम्झौता गरेर बेबिलोनको सभ्यतामा सजिलैसँग तिनीहरू**

कसरी घुलमिल हुन सक्थे? के तपाईंले त्यस किसिमको चुनौतिको सामना गरिरहनुभएको छ?

## ३. दृढ सङ्कल्प

दानिएल १:५-२० फेरि पढ्नुहोस्। यहाँ दुई मूल तत्वहरूले काम गरिरहेको देखिन्छः ती हुन् दानिएलको स्वतन्त्र आत्मनिर्णय र परमेश्वरको हस्तक्षेप। यसमा कुन अत्यन्तै महत्त्वपूर्ण नीति हाम्रो सामु धरोहरको रूपमा उभ्याइएको छ? हेर्नुहोस्ः "५ राजाले उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्‌नगो। ८ तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, "तिमीहरूले खाने र पिउने कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु। तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर उड़ाइदिनुहुनेछ।" ११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, १२ "कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा चेहरा दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार गर्नुहोस्।" १४ यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म तिनीहरूको जाँच गरे। १५ दश दिनपछि राजकीय खाना खाएका ती अन्य जवानहरूभन्दा तिनीहरू स्वस्थ र पुष्ट देखिए। १६ यसकारण ती सुरक्षाकर्मीले तिनीहरूका लागि तोकिएका मीठा-मीठा खाना र दाखमद्य हटाएर तिनीहरूलाई सागपात दिए। १७ यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै

**किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू भनी तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा नबूकदनेसरकहाँ ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल, हनन्याह, मीशाएल र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए।"**

आफूहरूलाई बेबिलोनी संस्कार अनुसार दिइएका नामहरूप्रति ती चार जना हिब्रू युद्धबन्दीहरूले बिरोध जनाएको देखिदैन। आफ्ना नाउँहरू परिवर्तन गरिएकोमा तिनीहरू केही गर्न सक्दैनथे तर आफूआफूमा हिब्रू नाउँबाट नै सम्बोधन गर्नुको बिकल्प तिनीहरूमा थिएन। तर राजाकै भान्साघरबाट खाना र रक्सी खानै पर्दा तिनीहरूलाई खाने कि नखाने भन्ने द्विविधाले पिरोलेको थियो। तैपनि ती खानेकुराहरू खाने कि नखाने भन्ने निर्णय त तिनीहरूकै स्वविवेकमा थियो। त्यसकारण ती चार युवाहरूले गर्नुपर्ने आत्मनिर्णयको स्वतन्त्रतालाई अत्यन्तै महत्त्वपूर्ण मान्नुपर्दछ।

यदि तिनीहरूकालागि खटाइएको हाकिमले तिनीहरूको नाउँ बदल्न सक्छन् भने तिनीहरूको खानेकुराको परिकारपनि बदल्न सक्छन् भन्ने ती युवाहरूको मनमा लागेको थियो। राजाकै टेबुलबाट ल्याइएको खानेकुरा नखाने निर्णय दुई कारणहरूले हुनसक्छ।

प्रथमतः राजाको टेबुलबाट ल्याइएको खाने मासुहरूमा अशुद्ध मासु हुन सक्छ जुन लेबी ११मा खान मनाही गरिएको छ। दोस्रोमा, राजाका खानाहरू पहिले नै देवतालाई चढाएर त्यो प्रसादकै रूपमा राजाले खाने गरेका थिए। त्यसकारण दानिएलले कुनै छलकपट वा जालझेलका शब्दहरू प्रयोग नगरि खुला रूपमा धार्मिक आस्थाको कारण राजाको टेबुलबाट खाना नदिन हाकिमलाई अनुरोध गरेका थिए। (दानिएल १:८ "तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे")। दानिएलले आफ्नो आस्था र ज्ञान स्पष्टसाथ देखाएका थिए। यस मामिलामा दानिएल अत्यन्तै साहसी भएका थिए।

जब हामी दानिएल र उनका बेबिलोनी हाकिमसँग भएका कुराकानी पढ्छौं तब त्यहा केही महत्त्वपूर्ण कुराहरू औंल्याइएको हामी पाउँछौं। प्रथमतः जब

दानिएलले आफूहरूलाई परीक्षा गर्न प्रस्ताव राखे तब हाकिम कस्तो जोखिममा थिए भन्ने दानिएलले बुझेका थिए। केवल दस दिनमात्र खानेकुरा परिवर्तन गरेर तिनीहरूको परीक्षा गरे पुग्छ किनभने त्यस अवधिमा खानेकुराले तिनीहरूलाई कतिको फाइदा गर्दोरहेछ भनेर हेर्न सकिन्थ्यो। जसले गर्दा हाकिमको डर पनि अलिक कम भएको थियो। दोस्रोमा परमेश्वरमाथि नै पूरा भरोसा राखेर त्यो प्रस्ताब राख्दा थोरै समयकालागि भएपनि त्यो प्रस्ताबको नतिजा सकारात्मक नै आउछ भन्ने दानिएललाई थाहा थियो। तेस्रोमा, जुन परमेश्वरले नै सृष्टिको समयमा मानव जीवनलाई स्वस्थ राख्न सागशब्जी र पानी खान निर्देशन दिनुभएको थियो भन्ने कुरा दानिएललाई थाहा भएको हुनाले उनको निर्णयमा त्यसले प्रभाव पारेको हुनसक्छ (उत्पत्ति १:२९)। संसारमा अनेकौं किसिमका खानाका परिकारहरू छन् तर अहिले पनि परमेश्वरले सुरूमा दिनुभएको खाना नै उत्तम भइरहेको कुरा हामी मध्ये कसलाई थाहा छैन र?

**दानिएलको आत्मनिर्णय र परमेश्वरमाथि अडिग हुने सङ्कल्पले गर्दा परमेश्वरले पनि उनको निम्ति सहजै काम गर्नु भएको थियो (दानिएल १:९ "अनि परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो,)। हामीहरूले गर्ने आत्मनिर्णय कतिको महत्त्वपूर्ण हुदो रहेछ भन्ने कुरा त्यसले हामीलाई कसरी बताउँछ? हामी जे निर्णय गर्छौं त्यसमा हाम्रो परमेश्वरमाथिको भरोसाले कुस्तो प्रभाव पार्दरहेछ भन्ने वास्तविकतालाई हामीले कसरी बुझ्ने?**

## ४. कुनै खोट नभएका परिपक्व र बुद्धिमानी मानिस

दानिएल र उनका सहकर्मीहरू राजाको दरवारमा सेवाकार्य गर्न चुनिएका थिए। तिनीहरूको चरित्र राजा **नबूकदनेसरले नै** निर्धारण गरे अनुसार मिलेको थियो। दरावारमा खटिने हाकिमहरू कुनै खोट नभएका र असल वा परिपक्व हुनुपर्छ भन्ने राजाको उर्दी थियो (दानिएल १:४)। जो परमेश्वरको मन्दिरमा सेवाकार्य गर्छन् र बलिहरू पनि कुनै खोट नभएको हुनुपर्छ (लेबी २२:१७-२५,२१:१६-३५)। बेबिलोनको राजाले आफूलाई इस्राएलको परमेश्वरसँग दाँजेको हुनुपर्छ किनभने उनको दरवारमा सेवा गर्ने कर्मचारीहरूको चरित्रमा पनि कुनै खोट नभएको उनले अपेक्षा गरेका थिए। वास्तविकरूपमा भन्ने हो भने दानिएल र उनका सहकर्मीहरू सयौं वर्षपछि प्रेरित पावलले भने झैं परमेश्वरको सामु जिउँदो शहिद भएर जीवन निर्वाह गरिरहेका

थिए। बेबिलोन साम्राज्य र सभ्यतासँग सम्झौता नगरि जुनसुकै प्रतिकूल परिस्थितिको पनि सामना गर्न तयार भएर आफ्नो आस्था र चरित्रमा स्पष्टता र परिपक्वता तिनीहरूले देखाएका थिए।

**हाम्रो जीवनमा जुनसुकै चुनौति वा परीक्षा तथा प्रलोभनको सामना गर्न हामी पनि परमेश्वरमाथिको विश्वास र आस्थामा अटल भएर बस्नुपर्छ भनेर देहायका केही पदहरूले कसरी बताउँछन्? हेर्नुहोस् गलाती २:१९-२१ "१९ किनकि परमेश्वरको निम्ति म जिउन सकूँ भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु। २० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो। २१ परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।", मत्ती १६:२४-२७ "२४ तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। २५ किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। २६ सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? २७ किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ।" र २ कोरन्थी ४:१६-१८ "१६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य अर्थात् देख्ने कुरालाई होइन, तर अदृश्य अर्थात् नदेख्ने कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।"**

परमेश्वरप्रतिको आस्थामा बफादार भएकोले नै उहाँले ती चार जना हिब्रू युद्धबन्दीहरूको सम्मान गर्नुभयो। दश दिनको परीक्षापछि जब तिनीहरूको **हाकिम**ले तिनीहरूलाई हेरे तब राजाको टेबुलबाट खाना खाने विद्यार्थीहरूभन्दा तिनीहरू हृष्टपुष्ट र स्वस्थ भएको उनले देखे। त्यतिमात्र नभएर परमेश्वरले आफ्ना चार जना सेवकहरूलाई यसरी सम्मान गर्नुभयो "सब

किसिमका साहित्य (बेबिलोन सभ्यताका साहित्य तथा धर्मदर्शनहरूसमेत) र शिक्षाको ज्ञान र समझ दिनुभयो।" तर केवल  दानिएललाई मात्र "सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने बनाइदिनुभयो।" दानिएल १:१७। सो बरदानले पछि गएर दानिएलको जीवनमा उल्लेखनीय भूमिका खेलेको थियो।

जसरी बेबिलोनको राज भवनमा उहाँका सेवकहरूलाई परमेश्वरले सम्मान गर्नुभयो त्यसरी नै हामी संसारमा अनेकौं चुनौतिहरूको सामना गर्छौं अहिले पनि हामीलाई उहाँले बुद्धि र ज्ञान दिनुहुन्छ (किनभने उहाँ केवल पौराणिक कालका परमेश्वरमात्र हुनुहुन्न)। हाम्रो समाजको भ्रष्ट वातारणबाट चोखो भएर बस्न सम्भव छ भनेर दानिएल र उनका मित्रहरूको अनुभववाट हामी सिक्न सक्दछौं। यदि परमेश्वरको महिमा गर्न चाहन्छौं र उहाँको इज्जत राख्न चाहन्छौं भने परमेश्वरको वचनविपरीत चल्ने समाज र संस्कारबाट हामीले अलग रहनुपर्छ  भनेर तिनीहरूबाट सिक्नुपर्दछ। दानिएल र उनका मित्रहरू रहेको बेबिलोन देशको संस्कार, सभ्यता, धर्म अस्थायी र गलत जगमा बसालिएको थियो। सत्यमा  भन्दा पनि पौराणिकतामा त्यो सभ्यता बसालिएको थियो। बेबिलोनका सबै नागरिकहरूलाई त्यसैको शिक्षादीक्षामा हुर्काइएको थियो। दानिएल र उनका साथीहरू पनि त्यही शिक्षादीक्षामा हुर्कन वाध्य भएतापनि परमेश्वरको सहयोगले तिनीहरू उहाँप्रति निष्ठावान् भएर बस्न सक्षम् भएका थिए। (माछा पानीमा तैरियतापनि माछा पानी बिना संभव हुँदैन भने जस्तै हामीले जुनसुकै समाजमा भिज्नुपरेतापनि त्यही समाजमा हामी हराउनु हुँदैन भन्ने कुरा दानिएल र उनको साथीहरूको बृतान्तले देखाउँछ-अनुवादकको थप टिप्पणी)।

**हामी जहाँ रहेपनि हाम्रो आस्था विपरीत रहेका संस्कार र समाजको सामना गर्नु  परिरहेकै हुन्छ। तैपनि तिनीहरूबाट प्रभावित नहुन परमेश्वरप्रति निष्ठावान र बफादार भएर रहने सङ्कल्प गर्नु जरुरी छ। तपाईं रहनु भएको समाजमा कस्ता संस्कारहरू छन् जसको सारमा तपाईं चलिरहनुभएको छैन?**

## ५. अन्तिम परीक्षा

**चार जना हिब्रू युवाहरू राजा स्वयंले गरेको परीक्षामा उल्लेखनीयरूपमा उतीर्ण भएका थिए। तिनीहरूको सफलताको श्रेय वा स्रोत के थियो? हेर्नुहोस् दानिएल १:१७-२१को साथै अरू पदहरू, "१७ यी चार जवान मानिसहरूलाई**

*परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो।* अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू भनी तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा नबूकदनेसरकहाँ ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल, हनन्याह, मीशाएल र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए। २१ अनि कोरेस राजाका शासनकालको पहिलो वर्षसम्म दानिएल त्यहाँ रहे।", अय्यूब ३८:३६ "कसले हृदयलाई बुद्धि दियो? अथवा मनलाई समझदारी दियो?", हितोपदेश २:५-६ "५ तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान प्राप्त गर्नेछौ। ६ किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ, र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरू निस्कन्छन्।" र याकूब १:५ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।"

"बेबिलोनको विश्वविद्यालय"मा हिब्रू युवाहरूले बेबिलोन शिक्षा, धर्म, सभ्यता आदि चिनाउने विभिन्न विषयहरू बडो लगनशीलता र मेहनतसाथ तीन वर्ष **सम्म** अध्ययन गर्नुपरेको थियो। बेबिलोन विश्वविद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीहरूको अन्तिम परीक्षा राजा स्वयंले लिने भएकोले तिनीहरू सबैलाई राजदरवारमा उपस्थित गराइयो। तिनीहरूमा ती चार हिब्रू युवाहरू पनि थिए। राजाले ती हिब्रू युवाहरू अन्य विद्यार्थीहरूभन्दा हृस्तपुष्ट र स्वस्थ भएको मात्र पाएनन् तर तिनीहरूको बुद्धि र ज्ञान अरूभन्दा दश गुणा वढी भएको पाए। बेबिलोनको उच्च शिक्षामा सबै विद्यार्थीहरूलाई उछिनेर ठूलो योग्यता प्राप्त गरेकाले तिनीहरूलाई तुरन्तै राजाको सेवामा नियुक्त गरियो। तिनीहरू तत्कालीन बेबिलोनको सभ्यता, धर्म, साहित्य, ज्ञान र बुद्धिमा निपूर्ण भएका थिए। बेबिलोनका धर्म, साहित्य र शिक्षादीक्षाहरू सनातन सृष्टिकर्ता परमेश्वरसम्मत नभएतापनि वा तिनीहरूमा विश्वास नभएतापनि तिनीहरूले सो सभ्यता इमान्दारिताकासाथ दिलोज्यानले सिकेका थिए।

आफ्नो खाना र विश्वविद्यालयमा लिएको तालिमले गर्दा ती हिब्रू युवाहरू अन्य विद्यार्थीहरूभन्दा उच्च स्थानमा परेका थिए भनेर राजा नबूकदनेसरले सोचेका हुन सक्छन्। तर दानिएल र उनका साथीहरूले

देखाएका उत्कृष्ट वा अरूको तुलनामा प्राप्त गरेको उत्तम नतिजा बेबिलोनी तालिम प्रणालीले होइन भन्ने कुरा तिनीहरूलाई थाहा थियो। सबै ज्ञानबुद्धि र त्यसलाई आर्जन गर्ने क्षमता परमेश्वरबाट नै आउँदछ। परमेश्वरमाथि भरपर्नेहरूमाथि उहाँले के गर्न सक्नुहुन्छ भन्ने प्रभावकारी उदाहरण त्यो भन्दा अरू के हुन सक्ला? हामी परमेश्वरका छोराछोरीहरू हौं भनेर पहिचान दिनलाई कुनै पनि संञ्चार, सरकार, व्यक्ति वा संस्थाहरूको शक्तिदेखि डराउनु आवश्यक छैन। जब हामी हाम्रो भरोसा परमेश्वरमा राख्दछौं तब कुनै पनि कठिन परिस्थितिको सामना गरिरहन उहाँले बल दिइरहनुहुन्छ र सबै प्रतिकूल वातावरणबाट हामीलाई सुरक्षित राख्नुहुन्छ भनेर ढुक्क हुनु जरुरी छ। जब विभिन्न चुनौतिहरूको सामना गर्नुपर्ने निर्णयमा हामी पुग्छौ तब कुन निर्णय ठीक हो भनेर देखाउने महान् अस्त्र नै परमेश्वरप्रति हामीमा भएको आस्था र निष्ठा हुनेछ। ठिकबेठिकको आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिइएको छ।

दानिएल १लाई हेर्दा परमेश्वरको बारेमा धेरै महत्त्वपूर्ण आत्मज्ञानका पाठहरू हामी सिक्दछौंः (१) विश्वको इतिहास परमेश्वरको नियन्त्रणमा छ। (२) हामी कतिपय समयमा यस्ता संस्कार र समाजमा पर्दछौं जुन हाम्रो आस्था विपरीत हुन्छ वा हाम्रो आस्थासँग मिल्दैन। त्यो वातावरणसँग सम्झौता गरेर आफ्नो अस्तित्व जोगाउने कि नजोगाउने भन्ने द्विविधामा पनि त्यसलाई सम्हाल्न हामीलाई परमेश्वरले बुद्धि र ज्ञान दिनुहुन्छ। (३) जो भित्री हृदयदेखि वा अन्तरविवेकदेखि नै सच्चाइका साथ परमेश्वरमा भरोसा राख्दछ र त्यस अनुसार जीवनशैली चलाउन प्रतिवद्ध हुन्छ त्यसलाई परमेश्वरले सम्मान गर्नुहुन्छ।

"कोरेस वा साइरस राजाको प्रथम वर्षसम्म दानिएल रहे" (दानिएल १:२१) भनेर दानिएल १ अध्याय टुङ्गिन्छ। यहाँ कोरेश वा साइरस राजा भनेर उल्लेख गरिनुलाई अर्थपूर्ण मान्नुपर्छः प्रवासी जीवन बिताइरहेकाको निम्ति केही आशाको किरण त्यसले देखाउँछ। आफ्ना जनहरूलाई प्रवासी जीवनबाट छुट्कारा दिएर यरुशलेममा फर्काउन परमेश्वरले कोरेश वा साइरस राजालाई नै चुन्नुभएको थियो। परमेश्वरका जनहरू एक विदेशी राजाको आक्रमणबाट हार खाँदै युद्धवन्दी भएर प्रवासी जीवन बिताउनुपरेको प्रसंगसँगै दानिएल एक अध्याय सुरू भएपनि घर वा आफ्नै देशमा फर्किने आशाको झलक देखाएर उक्त अध्याय अन्त हुन्छ। हाम्रो यस्तो परमेश्वर हुनुहुन्छः हाम्रो जीवनको

अत्यन्तै कठिन, दुःखकष्ट र परीक्षामा पनि उहाँले सधैं आशाको झ्याल खोलिदिनुहुन्छ ताकि हामी उहाँको महिमा देख्न सकौं र एक दिन सबै दुःख, पीडा र नैराश्य जीवनको अन्त उहाँले गर्नुहुनेछ। त्यो समय नआउञ्जेल अनन्त जीवनको आनन्द र महिमाको झलक उहाँले हामीलाई निरन्तररूपमा देखाइरहनुहुन्छ।

## उपसंहारः

**थप जानकारीः** "दुवै दानिएल र उनका मित्रहरू र युशूफले, युवा अवस्थामा विदेशमा बन्दक जीवन बिताउनु परेको थियो। तर बेबिलोनमा लगिएका दानिएल र उनका मित्रहरूको भाग्य वा धनसम्पत्ति कमाउने अवसर मिश्रदेशमा लगिएको युशूफको भन्दा असल थियो। तर ती युवाहरूले आफ्नो सही चरित्र देखाउन कठोर परीक्षाको सामना गर्नुपरेको थियो। शाही खानदानबाट आएतापनि दानिएल र उनका साथीहरू यरुशलेमको सरल र सिधा-साधा घरमा थिए। विदेशी राजाको आक्रमणबाट युद्धवन्दी भएर तत्कालीन बेबिलोन साम्राज्यको अत्यन्तै भव्य सहरहरूमा लगिएका थिए। विश्वको महान् सम्राटको विशेष सेवाको निम्ति तालिम दिन तिनीहरूलाई अलग्याइएको थियो। तिनीहरू भ्रष्ट, शानदार र विलासी दरवारको वातावरणमा फस्न ठूलो प्रलोभनमा समेत परेका थिए। यहोवाका उपासकहरू भएतापनि तिनीहरू बेबिलोनको युद्धबन्दी हुनुपरेको थियो, परमेश्वरको मन्दिरका भाँडाकुँडाहरू बेबिलोनका देवीदेवताहरूको मन्दिरमा राखिदा पनि तिनीहरूले टुलुटुलु हेरिरहनुपरेको थियो, इस्राएलका आफ्नै राजा पनि बेबिलोनीहरूको हातमा युद्धबन्दी हुनु पुगेका थिए, बिजय उल्लासमा नाचिरहेका बेबिलोनीहरू आफ्नो धर्म, संस्कार र सभ्यता हिब्रूहरूको धर्म र संस्कारभन्दा उच्च छ भन्दै अहंकारले फुलेका बेबिलोनीहरूको रौनक ती हिब्रू युद्धबन्दीहरूले हेरिरहनुपरेको थियो। परमेश्वरका आज्ञाहरूलाई नमान्दा इस्राएलीहरू बिदेशी शक्तिबाट हेपिन पुगेका थिए। त्यस्तो परिस्थितिमा पनि परमेश्वरले बेबिलोनीहरूलाई उहाँको सार्वभौमसत्ता वा प्रभुत्वको प्रमाण दिनुभएको थियो। उहाँका आदेशहरू पवित्र छन् र त्यसको पालना गर्दा के परिणाम हुनेछ भन्ने प्रमाण बेबिलोनीहरूलाई देखाइएको थियो। जुनसुकै परिस्थितिमा पनि परमेश्वरप्रति निष्ठावान भएर अडिग भएर बस्नेलाई उहाँले के गर्नुहुन्छ भन्ने ती हिब्रूहरूको गवाही सबैको

निम्ति अहिले पनि यथेष्ठ हुनुपर्छ वा पुग्छ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ५४बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. येशूलाई विश्वास गरेकाहरूले जुनसुकै समाज र संस्कारहरूमा रहनुपरेतानि अनेकौं चुनौतिहरूको सामना गर्नुपरिरहेको हुन्छ। त्यस परिस्थितिमा तपाईंको चर्च कसरी उभिरहेको छ? समाज र संस्कारसँग सम्झौता नगरि आफ्नो आस्थालाई कसरी बचाइँराख्ने?

आ. युद्धबन्दी बनेर बिदेशी शक्तिको काबुमा बस्नु पर्दा दानिएल र उनका साथीहरूलाई आफ्नो आस्थालाई त्यागेर बेबिलोनीहरूसँग मिल्न सजिलो थियो होला र बहाना बनाउदा पनि उचितै हुन्थ्यो होला। सारा विश्वमा एकमात्र यहूदी राष्ट्र जसले सनातन सृष्टिकर्ताको उपासक भनेर दावी गर्दा बिदेशी शक्तिको अघि झुक्नु परेको थियो। बेबिलोनका देवीदेवताहरू इस्राएलका परमेश्वरभन्दा पनि बलबान छन् भन्ने प्रमाण त्यो भन्दा अरू के हुन सक्थ्यो होला? त्यस्तो परिस्थितिमा होमिएका दानिएल र उनका साथीहरूलाई आफ्नो परमेश्वरभन्दा बेबिलोनका देवताहरू शक्तिशाली रहेछन् भन्ने मनस्थितिमा पुग्न कति सजिलो हुन सक्थ्यो होला? यद्यपि, त्यस्तो भिषण परिस्थितिमा पनि तिनीहरूमा बाइबलका कुन महत्त्वपूर्ण सत्यहरू तिनीहरूले आत्मसात् गरे होलान् जसले गर्दा तिनीहरू परमेश्वरप्रति निष्ठावान भएर बसे? हेर्नुहोस् यर्मिया ५:१९ "जब मानिसहरू सोध्छन्, 'परमप्रभु हाम्रा परमेश्वरले हामीमाथि किन यस्तो गर्नुभयो?' तब तिमीले तिनीहरूलाई भन्नेछौ, 'जसरी तिमीहरूले मलाई त्यागेर आफ्नै देशमा अन्य देवताहरूको सेवा गऱ्यौ, त्यसरी नै अब तिमीहरूले बिरानो देशमा विदेशीहरूको सेवा गर्नेछौ'।" र यर्मिया ७:२१-३४ "२१ " 'सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छः 'तिमीहरूका अरू बलिदानहरूमा तिमीहरूका होमबलि पनि मिसाओ र मासुचाहिँ

तिमीहरू आफै खाओ। २२ किनकि तिमीहरूका पिता-
पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले
तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र
बलिदानका बारेमा आज्ञा मात्र दिइनँ, २३ तर मैले
तिनीहरूलाई यो आज्ञा दिएको थिएँः मेरो आज्ञापालन गर, र
म तिमीहरूका परमेश्वर हुनेछु, र तिमीहरूचाहिँ मेरा प्रजा
हुनेछौ। जुन मार्गका विषयमा म तिमीहरूलाई आज्ञा गर्दछु
ती सबैमा हिँड, ताकि तिमीहरूको भलो होस्। २४ तर
तिनीहरूले आज्ञापालन गरेनन् न त तिनीहरूले ध्यान नै
दिए। त्यसको सट्टा तिनीहरू आफ्नै दुष्ट हृदयको
अटेरीपनामा हिँड्दैरहे। तिनीहरू पछि हटे, अगि बढ़ेनन्। २५
तिमीहरूका पिता-पुर्खा मिश्रदेशबाट निस्केको समयदेखि यसो
अहिलेसम्म मैले बारम्बार दिनैपिच्छे मेरा सेवक,
अगमवक्ताहरूलाई तिमीहरूकहाँ पठाएँ। २६ तर तिनीहरूले
मेरो वचन सुनेनन्, मेरो कुरामा कान थापेनन्, तर अटेरी भए,
र तिनीहरूका पिता-पुर्खाहरूले भन्दा पनि अझ खराबी गरे'।
२७ "जब तिमीले तिनीहरूलाई यी सबै कुरा भन्छौ, तब
तिनीहरूले तिम्रा कुरामा ध्यान दिनेछैनन्। तिमीले
तिनीहरूलाई बोलाए तापनि तिनीहरूले जवाफ दिनेछैनन्।
२८ यसैकारण तिमीले तिनीहरूलाई भन्, 'यो त्यही जाति हो,
जसले परमप्रभु आफ्ना परमेश्वरको आज्ञापालन गरेन, र
उहाँको अनुशासन ग्रहण गरेन। सत्यचाहिँ नष्ट भयो, त्यो
तिनीहरूको मुखबाट लोप भयो। २९ आफ्नो केश खौरेर
फालिदे, नाङ्गा डाँड़ाहरूमा विलाप गर, किनकि उहाँको क्रोधमा
परेको यस पुस्तालाई परमप्रभुले इन्कार गर्नु र त्यागनुभएको
छ। ३० " 'यहूदाका मानिसहरूले मेरो दृष्टिमा दुष्ट काम
गरेका छन्, परमप्रभु भन्नुहुन्छ। तिनीहरूले मेरो नाउँले
कहलाइएको भवन बिटुलो पारी घिनलाग्दा देवताहरू त्यसमा
खड़ा गरेका छन्। ३१ आफ्ना छोराछोरीहरूलाई आगोमा
बलि गर्न बेन-हिन्नोमको बेंसीमा तोपेतका अल्गा ठाउँहरू
तिनीहरूले बनाएका छन्। यस्तो आज्ञा मैले दिएको थिइनँ, न

त त्यो कुरा मेरो मनमा उब्जेको थियो। ३२ यसकारण होशियार होओ, यस्ता दिनहरू आउँदैछन्, परमप्रभु भन्नुहुन्छ, जब मानिसहरूले त्यसलाई तोपेत वा बेन-हिन्नोमको बेंसी कहिल्यै भन्नेछैनन्, तर त्यो हत्याको बेंसी कहलाइनेछ। किनकि तिनीहरूले आफ्ना मरेकाहरूलाई तोपेतमा ठाउँ नअटाउञ्जेलसम्म गाड्नेछन्। ३३ तब यस प्रजाका लाशहरू आकाशका पन्क्षीहरू र पृथ्वीका पशुहरूलाई आहार हुनेछन्। अनि तिनीहरूलाई तर्साएर धपाउने कोही हुनेछैन। ३४ म यहूदाका सहरहरू र यरूशलेमका गल्लीहरूबाट हर्ष र आनन्दको आवाज, दुलहा र दुलहीको सोर खतम गरिदिनेछु, किनकि देश उजाड़ हुनेछ'।" बाइबलका ज्ञानहरू थाहा पाउनु र वर्तमान सत्य वा समयसापेक्षित सत्यलाई बुझ्नु अत्यन्तै जरुरी किन छ भनेर माथिका पदहरूले हामीलाई कसरी बुझाउन खोजेको छ?

इ. परमेश्वरप्रति निष्ठावान हुनु किन महत्त्वपूर्ण छ? धर्मको नाउँमा न त आफूसँग न त अरूसँग खेलबाड गर्नु किन मनासिव छैन? हामी कुन परमेश्वरको उपासक हौं भनेर हाम्रो विश्वासको चरित्रले अरूलाई कसरी देखाउँछौं?

## कथा २

# येशूको बारेमा सुसमाचार सुनाउने नौलो तरिका

आन्द्र्यु मेकचिस्नी

सामुएल नौमान जर्मन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी थिए। जर्मनमा सेभेन्थ-डे एडभेन्टिस्ट साहित्य सामग्रीहरूलाई बाँड्ने उनले एक विशेष र नौलो तरिका अपनाए। उक्त तरिकाले धेरै मानिसहरूको मन जित्न सकेका थिए।

नौमान आफ्नो बुबा र हजुरबुबासँग मिलेर सहरको मुख्य स्थानहरूमा वार्षिक चाँडपर्वहरूमा किताब बेच्ने घुमन्ते पसल राख्थे। अनि परिवारको कुनै एक जना सदस्यले पर उभिएर बाटोमा हिंड्ने मानिसहरूलाई उपहारका कार्डहरू वितरण गर्दथे।जसले त्यो कार्ड लिन्थ्ये उसलाई परको घुमन्ते किताब पसलमा गएर आफूलाई मनपर्ने किताब छान्न उसले अनुरोध गर्दथ्यो। जसले गर्दा मानिसहरूसँग व्यक्तिगत सम्बन्ध राख्न सजिलो हुने र किताब लाने मान्छेले त्यो किताब पढ्ने सम्भावना पनि बढी नै हुन्थ्यो।

"चाडपर्वमा आउने मानिसहरूको प्रतिक्रिया पनि हामीले पाएका छौं। कोही कोही आएर हामीलाई भन्छन् 'गत साल मैले एउटा किताब लिएको थिए त्यो साह्रै राम्रो थियो। मलाई अर्को पनि चाहिएको छ'" यी लेखकलाई २५ वर्षका विद्यार्थी नोमानले भने। उनी जर्मनको लिपिज विश्वविद्यालयमा स्लोभानिएन विषय अध्ययन गर्दै थिए।

यो उपहार दिने कार्डको धारणा जर्मनको अरू ठाउँहरूमा पनि फैलियो। यो देशमा ३५,००० एडभेन्टिस्टहरू छन्। तिनीहरूले जर्मनमा सुससाचार कसरी सुनाउने भन्ने विषयमा सोचिरहेका थिए। यो देशमा ८३ मिलियन वा ८ करोड तिस लाख मानिसहरू छन्। त्यहाँका प्रायजसो मानिसहरू धर्म वा आत्मिक जीवनप्रति चासो राख्दैनन्। नौमानको दाजुले त्यही खालको किताब वितरण गर्ने कार्यक्रम पोलाण्डमा देखेको थियो।जुन गर्मी मौसमको छुट्टीमा एडभेन्टिस्ट शिबिरमा त्यो कार्यक्रम भएको थियो। पोलाण्डका एडभेन्टिस्टहरूले उक्त धारणा युक्रेनबाट लिएका थिए। जे भएपनि नौमानको परिवारले त्यसरी किताब वितरण गर्ने धारणा मन पराएको थियो। तिनीहरूले गाडा किनेर घुमन्ते पुस्तक पसल राख्न सुरु गरे।

जब एलेन जी ह्वाइटका दर्जनौं पुस्तकहरू आगन्तुकहरू हेर्दथे तब तिनीहरूको चासोको विषयमा तिनीहरूलाई सोधिन्थ्यो। त्यहाँ एलेन जी ह्वाइटको *द डिजाएर अभ एजेज्* र *द ग्रेट कन्त्रोभर्सी,* मार्क फिनली र पिटर लान्डलेसले लेखेका *हेल्थ एण्ड वेलनेसः सिक्रेटस दयाट विल चेन्ज योर लाइफ* जस्ता दर्जनौं किताबहरू थिए।

जब आगन्तुकहरू नौमानका परिवारसँग तिनीहरूलाई मनपरेको किताबको बारेमा कुराकानी गर्छन् तब तिनीहरू त्यो किताब सित्तैमा हो कि भनेर सोध्छन्। त्यहीं बेला नौमान जवाफ दिन्थे "यो किताब लानुहोस्। यसको लागि पैसा तिरिसकिएको छ।"

"किन कसले?" भनेर आगन्तुकहरूले प्रायजसो सोध्थे। "यो क्रुस जस्तै हो जहाँ येशूले हाम्रो निम्ति पापको मोल तिरी दिनुभयो। तपाईंले ग्रहणमात्र गर्नुपर्छ। तपाईंलाई लाग्ने खर्च पनि केवल तपाईंले पढ्नुमात्र पर्छ।यसको प्रतिक्रिया प्रायजसो सकारात्मक नै भइरहेको छ लेखक भन्दछन्।

नौमानको बुबा स्टिफनले एक जना हाइस्कूलको शिक्षकको बारेमा कुरा गरे। ती शिक्षकले द ग्रेट कन्त्रोभर्सी पुस्तक धेरै मन पराए र अरू नौवटा प्रति मागे। उनले ती किताबहरू आफ्नो इतिहासको कक्षामा आफ्ना विद्यार्थीहरूलाई बाँड्नका लागि लिएका थिए। अर्को दिन युरोपियन युनियनको राजनितिज्ञले *द ग्रेट कन्त्रोभर्सी* पुस्तक लिए र रातभरमै त्यो किताब पढि सिध्याए। अर्को दिन उनी त्यही फर्केर आए र पुस्तकको अर्को प्रति पनि मागे। त्यो उनले आफ्नो पत्रकार छोरोलाई दिनको लागि मागेका थिए।

उनको त्यो कामले कसैले बप्तिस्मा लिए भन्ने कुरा त नौमानलाई थाहा छैन तापनि उनलाई चिन्ता छैन। "यो मेरो सेवाकार्य बिऊ रोप्ने काम हो। त्यसको कटनी अरूले नै गर्लान्। त्यसको सुर्ता मलाई छैन।" नौमानले ढुक्क हुदै यी लेखकलाई भने।